# मुसिकोट नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड : ५ संख्या :१ जेष्ठ २५, २०७८**

## भाग - २

## मुसिकोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालयको

## सूचना

### नगर प्रमुख उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन

### कार्यविधि,२०७८

संवत २०७८ सालको कार्यविधि नं. १

**प्रस्तावना:** पशुपालन क्षेत्रलाइ उत्पादन, आम्दानी र रोजगारिको माध्यमबाट आकर्षक क्षेत्रको रुपमा विकास गर्न शिक्षित युवाहरुलाई कृषि तथा पशुपालन पेशामा आकर्षित गरि नगरपालिका भित्रै स्वरोजगार शिर्जना र व्यवसायिक

तथा अर्ध- व्यवसायिक कृषकहरुलाई थप प्रोत्साहन गरि कृषि तथा पशुपालन पेशालाइ सम्मानित र व्यवसायिक बनाउन कर्णाली प्रदेश, मुसिकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखा र पशु सेवा शाखाको आ.व. २०७७/०७८ को स्विकृत कार्यक्रममा उल्लेखित उत्कृष्ट कृषक, कृषक समूह, फार्मलाइ पुरस्कार कार्यक्रम कार्यान्वयन गर्न आवश्यक भएकोले नगरपालिकाले कषि ऐन २०७६ को दफा ३३ बमोजिम “नगर प्रमुख उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन कार्यविधि,२०७८” तयार गरेको छ।

## परिच्छेद-१
## (प्रारम्भिक)

**१.सम्क्षिप्त नाम र प्रारम्भ:(**१) यस कार्यविधिको नाम “नगर प्रमुख उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन कार्यविधि,२०७८ रहेको छ।

२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखी लागु हुनेछ। २. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा।

क) “**नगरपालिका”** भन्नाले मुसिकोट नगरपालिका सम्झनु पर्छ।

ख) **“कृषक**” भन्नाले कृषि र पशुपालन पेशामा आवद्ध भई व्यवसायिक रुपमा तरकारी खेती, फलफूल खेती, खद्यान्न खेती, मसला खेती, आलुखेती, गाइभैसी, भेडाबाख्रा, कुखुरा, बगुर लागायतका कृषि तथा पशुपालन

व्यवसाय गर्ने कृषक, उधमी र निजि फर्म समेतलाई समेत सम्झनु पर्ने छ ।

ग) "**फार्म**" भन्नाले कृषि तथा पशुपालन पेशामा आवद्ध भई व्यवसायिक रुपमा तरकारी खेती फलफूल खेती, आलु खेती मसला खेती, गाइभैसी, भेडाबाख्रा, कुखुरा, बगुर, मत्स्य लगायत पशुपालन गरि आधिकारिक निकायमा दर्ता भएकोलाइ सम्झनु पर्छ ।

घ) **"कृषक समूह"** भन्नाले १० देखि २५ जना कृषकहरु मिलेर आधिकारिक निकायमा दर्ता भएको समुहलाई लाइ सम्झनु पर्छ ।

ङ)**"नगर प्रमुख उत्कृष्ट पुरस्कार कार्यक्रम"** भन्नाले कृषक, कृषक समूह, फार्मलाई प्रदान गरिने उत्कृष्ट पुरस्कार कार्यक्रम सम्झनु पर्छ ।

च) "**निवेदन**" भन्नाले उत्कृष्ट पुरस्कार प्राप्त गर्ने कृषक, कृषक समूह, फार्मलाई पेश गरेको आवेदन समेतलाइ सम्झनु पर्छ ।

## परिच्छेद-२

## (कार्यक्रम संचालन प्रक्रिया)

३)**नगर प्रमुख उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम**: नगर प्रमुख उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम देहायनुसार हुनेछ ।

१) उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागी हुन् ७ (साथ) दिनको नियमानुसार प्रकिया पुर्याई अनुसूची-१ बमोजम ढाचामा सुचना प्रकाशन गरी आवेदन आहवान गर्नु पर्नेछ । साथैप्रस्ताव

सम्बन्धित सरोकारवाला सवैको जानकारीको लागि स्थानीय एफ.एम.बाट समेत प्रचार प्रसार गर्न सकिनेछ।

२) सहभागी हुन् चाहने व्यवसायिक कृषक,कृषक समुह तथा निजि फार्महरुले नगरपालिकाले जारी गरेको सुचना बमोजिम अनुसुचि-२ र अनुसूची-३ अनुसारको ढाँचामा उत्पादन र उत्पादकत्व तथा रोजगारीमा दिएको योगदान स्पष्ट हुने गरि आवेदन पेश गर्नु पर्नेछ।

३) नगर प्रमुख उत्कृष्ट कृषक पुरस्कार पशु सेवा शाखाको कार्यक्रम बाट ८ जना र कृषि विकास शाखाको कार्यक्रम बाट २८ जना कृषक लाई पुरस्कार तथा सम्मान गरिनेछ।

४) यस आ.व.भन्दा कम्तिमा २ बर्ष अगाडी सम्म नेपाल सरकार को कुनै पनि निकायबाट पुरस्कार प्राप्त नगरेको कृषक, समूह र फार्महरुलाई प्राथमिकता दिइने छ।

४. निवेदन मुल्यांकंन तथा छनौट: १) कृषकबाट पेश भएका निवेदन व्यवसायिक पशुपन्छी तथा मत्स्यपालनको संख्या, क्षेत्रफल र उत्पादनको आधार मानि अनुसूची-४ र अनुसूची-५ (क), (ख) मा उल्लखेत मापदण्डको आधारमा मूल्यांकन गरि छनौटको लागि सिफारिस गर्ने कार्य देहाय अनुसारको मुल्याकन तथा छनौट समितिले गर्नेछ।

क) कृषि तथा पशुपन्छी हेर्ने कार्यपालिका सदस्य – संयोजक

ख) प्रशासकीय अधिकृत – सदस्य

ग आर्थिक प्रशासन प्रमुख सदस्य

घ) नगरपालिका योजना शाखा प्रमुख –सदस्य

ङ) कृषि विकास शाखा प्रमुख वा पशु सेवा शाखा प्रमुख – सदस्य सचिव

२) समितिले आवश्यकता अनुसार बैठकमा बढीमा-३ जना विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ

३) समितिले आवश्यकता अनुसार आफनो काम कारवाहीलाई वस्तुपरक बनाउन समितिका सदस्यहरु मध्येबाट एक जना संयोजक र बढीमा २ जना सदस्य रहेको उप-समिती गठन गरिमुलायांकन प्रतिवेदन लिन सकिनेछ । उप-समितिको वैठक बस्नु परेमा बढीमा दुइ वटा वैठकबाट कार्य सम्पादन गर्नुपर्नेछ ।

**५. निवेदन मुल्याकंन तथा छनौट समितिको काम, कर्तव्य र अधिकार:** निवेदन मुल्याकंन तथा छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुने छ ।

१) स्थलगत अध्ययन, अवलोकन गरि प्राप्त निवेदन उपर प्राविधिक र आर्थिक दृष्टिकोण विश्लेषण र मुल्यांकन गर्ने ।

२) आवश्यकता अनुसार उप-समितिलाई छनौट सम्बन्धि अधिकार बाहेक अन्य अधिकारहरु प्रत्यायोजित गर्न सक्नेछ। प्रत्यायोजित अधिकार बमोजिमको कार्य सम्पादन गरि समिति समक्ष आवश्यक राय तथा सिफारिस सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ।

३) समितिले समग्र विषय वस्तुको अध्ययन र विश्लेषण गरि उपयुक्त निवदेनहरुको योग्यताक्रम लिस्ट तयार गरि अन्तिम लिस्ट प्रकाशन गर्नेछ।

**६) उत्कृष्ट कृषक, कृषक समुह, फार्म घोषणा एवं पुरस्कार वितरण:**१) निवेदन मुल्यांकन तथा छनौट समितिको मुल्यांकन प्रतिवेदनको आधारमा  नगरपालिकाको उत्कृष्ट कृषक, कृषक समुह, फार्म घोषणा गर्नेछ र पुरस्कार एवं सम्मान कार्यक्रम आयोजना गरि नगद र प्रमाण सहित सम्मान गरिनेछ ।

**७) पुरस्कार विधा तथा राशि:**

| क्र.स. | पुरस्कार किसिम/ विधा | प्रति पुरस्कार राशि रु. | कै. |
|---|---|---|---|
| १ | व्यवसायिक भैसीपालन फार्म १ वटा | १५,०००/- | |
| २ | भैसीपालन कृषक समुह १ वटा | १०,०००/- | |
| ३ | उत्कृष्ट कृषक १ जना | ५०००/- | |
| ४ | व्यवसायिक बाख्रापालन १ जना | १२,०००/- | |
| ५ | बाख्रापालन कृषक समुह १वटा | ८,०००/- | |

| | | | |
|---|---|---|---|
| ६ | उत्कृष्ट कृषक १ जना | ३०००/- | |
| ७ | व्यवसायिक कुखुरापालन १ जना | १०,०००/- | |
| ८ | व्यवसायिक बंगुरपालन १ जना | ५,०००/- | |
| ९ | व्यवसायिक भेडापालन १ जना | ५,०००/- | |
| १ | व्यवसायिक माछापालन १ जना | १०,०००/- | |
| ९ | वेमौषमी तरकारी खेती प्लाष्टिक घरमा खेती गर्ने ४ जना | प्रथम ५०००।०<br>द्धितिय ४०००।०<br>तृतिय ३०००।०<br>सान्त्वना २०००।० | |
| १० | कफि, अलैचि, फलफूल तथा तरकारी नर्सरी व्यवस्थापन ४ जना | प्रथम ५०००।०<br>द्धितिय ४०००।०<br>तृतिय ३०००।०<br>सान्त्वना २०००।० | |
| ११ | कफि, अलैची तथा फलफूल बगैचा व्यवस्थापन ४ जना | प्रथम ५०००।०<br>द्धितिय ४०००।० | |

| | | | |
|---|---|---|---|
| | | तृतिय ३०००।०<br>सान्त्वना २०००।० | |
| १२ | युवा लक्षित स्वरोजगार कार्यक्रम बाट व्यावसाय गरेका ४ जना | प्रथम ५०००।०<br>द्धितिय ४०००।०<br>तृतिय ३०००।०<br>सान्त्वना २०००।० | |
| १३ | अतिविपन्न द्वन्दपिडित तथा अपांग लक्षित स्वरोजगार कार्यक्रम बाट व्यावसाय गरेका ४ जना | प्रथम ५०००।०<br>द्धितिय ३०००।०<br>तृतिय २०००।०<br>सान्त्वना १०००।० | |
| १४ | तरकारी वीउ उत्पादन गर्ने कृषक व्यावसायी ४ जना | प्रथम ५०००।०<br>द्धितिय ३०००।०<br>तृतिय २०००।०<br>सान्त्वना १०००।० | |

८) **पुरस्कार वितरण कार्य्रक्रम**: १) नगरपालिका भित्र छनौट भएका उत्कृष्ट कृषक, समुह र निजि फार्मलाइ औपचारिकरुपमा कार्यक्रम आयोजना गरि पुरस्कार वितरण गरिनेछ।

२) पुरस्कार दिवस समारोहको संचालन खर्च यसै कार्यक्रमका लागि विनियोजित व्यवस्थापन बजेटबाट गरिनेछ ।

९) **अनुगमन मुल्यांकन**: कार्यक्रम कार्यान्वयनको क्रममा नगरपालिका कार्यालय र पशु सेवा शाखाले आवश्यकता अनुसार अनुगमन समिति बनाई जुनसुकै समयमा पनि अनुगमन गर्न सकिन्छ ।

## परिच्छेद-४

## (विविध)

१०) **पुरस्कार तथा कार्वाहीको व्यवस्था:-** उदाहरणीय काम गर्ने उत्कृष्ट पशुपालन व्यवसायी, पशुपालन संग सेवा प्रदायक संघसस्था, निकायलाई पुरस्कार वितरण समारोहमा कदर-पत्र सहित सार्वजनिक सम्मान गरिनेछ। झुटा विवरण पेश गरि पुरस्कार रकम प्राप्त गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही गरि भविष्यमा त्यस्ता कृषक, कृषक समुह, फार्मलाइ सरकारी सेवा सुविधा नदिने गरि कालो सुचिमा राखिनेछ ।

११) **अमान्य हुने**: यस कार्यविधिमा व्यवस्था भएका विषयहरु प्रचलित कानुन संग वाझिएमा अमान्य हुनेछ।

१२) **वाधा अड्काउ फुकाउने:**१) यस कार्यविधिमा उल्लेख भएका विषय वस्तुका सम्बन्धमा कुनै अस्पस्टता भएमा सोको व्याख्या नगरपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

२) कार्यविधिमा कार्यान्यन गर्न कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार नगरपालिकाको हुनेछ ।

३) यस कार्यविधिलाई आवश्यकता अनुसार नगरपालिकाले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

# अनुसूची-१
## (दफा ३ को उपदफा १ संग सम्बन्धित)

........................कार्यक्रममा सहभागी हुने आवेदन आहावनको सूचना।

सूचना।　　　　　　　सुचना।।　　　　　　　सूचना।।।

मुसिकोट नगरपालिका नगरकार्यपालिका कार्यालय पशु सेवा शाखाको आ.व.२०७७/०७८ को वार्षिक स्विकृत कार्यक्रम अनुसार कृषक,कृषक समुह,निजि फार्ममा आवद्ध व्यवसायीलाइ......................... कार्यक्रम रहेका हुदा ............नगरपालिका भित्रका इच्छुक कृषक,कृषक समुह,निजि फार्म,उधमी कृषकबाट दरखास्त आहावनको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले ...............दिन भित्र ..................मा तपशिलमा अनुसारका कागजात संलग्न गरि आवेदन पेश गर्नु हुन् अनुरोध छ । थप जानकारिको लागी...............कार्यालयमा सम्पर्क गर्नु सकिनेछ ।

**<u>आवश्यक कागजात</u>**

१) अनुसूची-२ बमोजिम निवेदन

२) नेपालि नागरिकताको प्रतिलिपि

३) कृषक समूह/फार्मको हकमा दर्ता प्रमाण-पत्रको प्रतिलिपि

४) सम्बन्धित वडाको सिफारिस पत्र

५) अनुसूची-३क,ख,बमोजिम फाराम

# अनुसूची-२

## ( दफा ३को उपदफा २ संग सम्बन्धित)

(निवेदन ढाचा)

मिति.............................

विषय: .........................कार्यक्रममा सहभागी गराई पाउ ।

श्रीमान्  प्रमुख ज्यु

.............................. ।

महोदय

प्रस्तुत विषयमा यस कार्यालयको मिति ......................गतेका दिन प्रकाशित सूचना बमोजिम..................................कार्यक्रममा सहभागी हुन् मुसिकोट न.पा. .............वडा मा पर्ने........................नामक कृषक/कृषक समुह/फार्म/उद्यमीले अनुसूचिमा सलंग्न फारम भरि यो निवेदन पेश गरेको छु/छौ ।

निवेदक

कृषक/ कृषक समुह /फार्म/ उद्यमीको दस्तखत:

नाम:

पद:

सम्पर्क न.

छाप:

## अनुसूची-३ (क)

१) कार्यक्रममा सहभागी हुने व्यवसायीको नाम:

२) स्थायी ठेगाना:

३) व्यवसाय/फार्मको नाम र दर्ता भएको मिति:

४) व्यवसाय/फार्म संचालको उदेश्य;

**५) श्रोत साधनको विवरण ;**

| क्र.स. | विवरण | एकाई | परिमाण | कै |
|---|---|---|---|---|
| १ | कृषकसंग भएको स्रोत साधन | | | |
| क. | कुल जग्गाको क्षेत्रफल(लिजमा लिएको जग्गा समेत) | | | |
| ख. | कृषि तथा पशुपालनको लागि प्रयोग गरेको जग्गाको क्षेत्रफल | | | |
| ग. | कृपि तथा शुपन्छीजन्य यन्त्र उपकरणहरुको विवरण तथा अवस्था | | | |

| | | | | |
|---|---|---|---|---|
| घ. | आधारभूत पूर्वाधारको अवस्था | | | |

## ६) उत्पादनको विवरण

| क.स. | विवरण | एकाई | परिमाण | कै |
|---|---|---|---|---|
| १ | उन्नत/क्रस भैसी | | | |
| २ | उन्नत/क्रस गाई | | | |
| ३ | बाख्रा | | | |
| ४ | भेडा | | | |
| ५ | स्थानीय/उन्नत जातको कुखुरा | | | |
| ६ | बंगुर | | | |
| ७ | माछापालन | | | |
| ८ | तरकारी | | | |
| ९ | फलफूल | | | |
| १० | तरकारी वीउ | | | |
| ११ | मसला अदुवा वेसार अलैची | | | |

| | | | | |
|---|---|---|---|---|
| १२ | आलु | | | |

## ७) कृषि तथा पशुपालन पेशामा सलग्न कामदारको विवरण

| क्र.स. | कामको किसिम | संख्या | घरेलु कामदार | ज्यामी कामदार |
|---|---|---|---|---|
| १ | पशुपालन कार्यमा | | | |
| २ | पन्छिपालन कार्यमा | | | |
| ३ | कृषि कर्म गर्ने | | | |
| ४ | प्रशोधन तथा बजारीकरण कार्यमा | | | |

## ८) लगानीको स्थिति;

| क्र.स. | विवरण | एकाई | परिमाण | कै |
|---|---|---|---|---|
| १ | पशुपालनमा जम्मा  खर्च | | | |
| २ | पन्छिपालनमा जम्मा खर्च | | | |
| ३ | कृषि व्यावसायमा वीउबिजन प्लाष्टिघर | | | |
| ४ | औजार उपकरणमा खर्च | | | |
| ५ | अन्य खर्च | | | |

| | | | | |
|---|---|---|---|---|
| ५ | कुल जम्मा खर्च | | | |

## ९) व्यवसायमा भएको लगानीको स्रोत:

| क्र.स. | विवरण | | परिमाण | कै |
|---|---|---|---|---|
| १ | कृषि विकास बैकबाट लिएको ऋृण रकम | | | |
| २ | अन्य बैक तथा वितिय सस्थाबाट लिएको ऋृण रकम | | | |
| ३ | समुह/सहकारीबाट लिएको ऋृण रकम | | | |
| ४ | साहुबाट लिएको ऋृण रकम | | | |
| ५ | छिमेकिबाट लिएको ऋृण रकम | | | |
| ६ | आपनै आम्दानिबाट व्यहोरेको रकम | | | |
| ७ | कुल जम्मा | | | |

## १०) व्यवसायबाट बार्षिक आम्दानि स्थिति

| क्र.स. | आम्दानीको किसिम | रकम रु. | कै |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | पशुपालन कार्यबाट | | |
| २ | पन्छीपालन कार्यबाट | | |
| ३ | कृषि कार्य बाट | | |
| ४ | बजारीकरणबाट | | |
| | कुल जम्मा आम्दानि | | |
| ग. | पशुपन्छीजन्य यन्त्र उपकरनहरुको विवरण तथा अवस्था | | |
| घ. | आधारभूत पूर्वाधारको अवस्था | | |

**११) निम्न विषयमा सहभागी कृषक दक्षता:**

| क्र.स. | विवरण | स्थिति | कै. |
|---|---|---|---|
| १ | प्रविधि उपयोग तथा अनुसरण (भएको/नभएको) | | |
| २ | स्रोतसाधनको अधिकतम सदुपयोग (भएको/नभएको) | | |
| ३ | प्रविधि विस्तारमा योगदान(भएको/नभएको) | | |
| ४ | भकारो एवं गोठ खोर सुधार (गरेको/नगरेको\) | | |

| | | | |
|---|---|---|---|
| ५ | उत्पादन लागत तथा प्रतिफल सम्बन्धि रेकर्ड व्यवस्थापनको (गरेको/नगरेको) | | |
| ६ | कुनै किसिमको पुरस्कार एवं प्रशंशा पत्र(पाएको/नपाएको) | | |
| ७ | समूह,सहकारीको सदस्य(भएको/नभएको) | | |
| ८ | स्थानीय स्तरमा आपनो अनुभबको आदान प्रदान(गरेको/नगरेको) | | |

१२) नयाँ प्रविधिको विकास:

१३) कृपि तथा पशुपालन प्रणाली अपनाइएको नयां प्रविधिहरुको विवरण:

१४) कृषि तथा पशुपालन प्रवर्धनका भावी योजना(कुनै भएमा) :

१५) कृषक सफलता कथा:

## अनुसूची-३ (ख)

## कृषक समुहले पेश गर्नु पर्ने निवेदन फाराम नमुना

| क्र.स. | कृषक समुह विवरण | |
|---|---|---|
| १ | समुहको नाम, ठेगाना | |
| २ | समुहको किसिम (महिला/पुरुष/मिश्रित) | |
| ३ | सदस्य संख्या(महिला/पुरुष/दलित/जनजाती/अन्य) | |
| ४ | गठन भएको मिति,दर्ता गरेको निकाय र मिति | |
| ५ | नियमित बैठक बस्ने गरेको वा नगरेको | |
| ६ | समुह कार्यालयको बोर्ड राखेको/नराखेको | |
| ७ | समूह परिचालन अनुभव | |
| ८ | हितकोष सम्बन्धि विवरण | |
| क | मासिक बचत रकम प्रति सदस्य | |
| ख | संकलित हितकोष रकम रु. | |
| ग | हितकोष रकम परिचालन स्थिति | |
| घ | लगानी रु.............र असुली रु........ | |

| | | |
|---|---|---|
| ङ | कृषि क्षेत्रमा लगानी रु. | |
| ९ | समुहले गरेका मुख्य मुख्य कार्यहरु | |
| क | जीविकोपार्जनमा सहयोग उल्लेख गर्ने | |
| ख | व्यवसायिक कृषि उत्पादनमा संलग्नता | |
| ग | बजारीकरण स्थिति,पोस्ट हार्भेस्ट तथा प्रसोधन कार्यमा संलग्नता | |
| घ | आयआर्जनमा सहयोग | |
| ङ | सामाजिक क्रियाकलापमा सलग्नता | |
| १० | समुहले अवलम्वन गरेका नवितम प्रविधि भए उल्लेख गर्ने | |
| ११ | समुहले अवलम्वन गरेका स्थानीय प्रविधि भए उल्लेख गर्ने | |
| १२ | समुहले अवलम्वन गरेका अन्य कुनै भए उल्लेख गर्ने | |
| १३ | समुहले कुनै निकायबाट अनुदान प्राप्त गरेको कुनै भए उल्लेख गर्ने | |

# अनुसूची-४

उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागिताका लागि न्यूनतम मापदण्ड

(तल तालिकामा उल्लेख भएको मध्ये कुनै एक पशुपन्छीपालन भएको हुने)।

| क्र.स. | विवरण | क्षेत्रफल/संख्या(न्युनतम) | कै. |
|---|---|---|---|
| १ | गाई भैसी | ५ गो.माउ | |
| २ | भेडा बाख्रा | ५० गो.माउ | |
| ३ | बंगुर,सुँगुर | ५ गो. माउ | |
| ४ | स्थानीय कुखुरा | २०० गो. | |
| ५ | माछापालन | २५० व.मि. | |
| ६ | घाँसखेति | २ रोपनी | |
| ८ | समुहमा प्रति सदस्य भैसी | ३ गो.माउ | |
| ९ | समुहमा प्रति सदस्य बाख्रा | १० गो.माउ | |
| १० | वेमौषमी तरकारी खेती | कम्तिमा २ रोपनी जग्गामा वा ७२ वर्ग मि को प्लाष्टिक घरमा तरकारी खती गरेको | |
| ११ | तरकारी वीउमसला खेती आलु खेती | कम्तीमा २ रोपनी जग्गामा खेती गरेको | |

| | | | |
|---|---|---|---|
| १२ | फलफूल खेती | सुन्तला कागती नासपती अम्वा केरा ३० वोट आँप कटहर ओखर १५ वोट | |

नोट; कम्तिमा २ बर्षसम्म नेपाल सरकारको अन्य कुनै पनि पुरस्कार समानित नभएको कृषक हुनुपर्नेछ ।

## अनुसूची-५(क)

उत्कृष्ट कृषक पुरस्कारको लागि कृषकले पेश गरेको निवेदन फारामको

मुल्यांकन आधारहरु

| क्र.स. | विवरण | पुर्णाङ्क | प्राप्ताङ्क | कै. |
|---|---|---|---|---|
| १ | स्रोत साधनको स्थिति एवं सदुपयोग | ५ | | |
| २ | कार्य अनुभव तथा स्थानीय समुदायमा अनुभव आदान प्रदान एवं योगदान | १० | | |
| ३ | उत्पादन स्थिति/उत्पादकत्व | १५ | | |
| ४ | रोजगारी सिर्जनाको स्थिति | १५ | | |
| ५ | व्यवसायमा गरेको आर्थिक लगानीको स्थिति | १० | | |
| ६ | व्यवसायबाट प्राप्त आम्दानि एवं प्रतिफल स्थिति | १० | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | प्राविधिकसंगको समन्वय सम्पर्क | ५ | | |
| ८ | प्राविधिक ज्ञान र सिप बारे जानकारी एवं प्रयोग स्थिति | १० | | |
| ९ | व्यवसायको दिगोपना स्थिति | १० | | |
| १० | सृजनात्मक/नवितम कार्य गरेको | १० | | |
| | कुल जम्मा | १०० | | |

नोट: मुल्याकन तथा छनौट समितिले माथि उल्लेखित मापदण्डको आधारमा उपधारा तयार गर्न सक्नेछ ।

## अनुसूची-(ख)

## कृषक समुह मुल्यांकन फाराम

| क्र.स. | विवरण | पुर्णाअङ्क | प्राप्तंग | कै. |
|---|---|---|---|---|
| १ | समूहको वैठक संचालन र लिइएका निर्णय कार्यान्वन | १० | | |
| २ | हितकोष स्थापना र परिचालन अवस्था | १० | | |
| ३ | श्रोत साधनको स्थिति एवं सदुपयोग | १० | | |
| ४ | समुह पारदर्शीता र अन्य निकायसंग | ५ | | |

| | | | | |
|---|---|---|---|---|
| | समन्वय | | | |
| ५ | दिगोपना र अभिलेख तथा अन्य विवरण व्यवस्थापन | १० | | |
| ६ | समुहले गरेका सेवा/क्रियाकलापहरुको प्रभावकारिता तथा सामाजिक योगदान | १० | | |
| ७ | कृषि/पशुपालन क्षेत्रमा लगानी | १५ | | |
| ८ | समुहको शिर्जनाशिलता/नविंतम कार्य | १० | | |
| ९ | रोजगारी सिर्जना र आयआर्जनमा वृद्धि | १५ | | |
| १० | साझेदारी/सामुहिकरुपमा क्रियाकलाप | ५ | | |
| | कुल जम्मा | १०० | | |

नोट: मुल्याकन तथा छनौट समितिले माथि उल्लेखित मापदण्डको आधारमा उपधारा तयार गर्न सक्नेछ

आज्ञाले,
नरहरी तिवारी
प्रमुख प्रशासकीय अधिकृत